# कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड

## तेह्रौं वार्षिक साधारण सभाको

## निर्णय (माइन्युट)

**१. सभा प्रारम्भः**

आज मिति २०८१।०९।२७ गते शनिबार अर्थात जनवरी ११, २०२५ मा यस कम्पनीको १३औं ( आ.व.२०८०/८१) वार्षिक साधारण सभा काठमाण्डौं ब्याङक्वेट, थापागाउँ, काठमाडौंमा अध्यक्ष श्री सन्तोष प्रसाद मैनालीज्यूको अध्यक्षतामा बिहान १०:३० बजे शुरु भई १:३० बजे सु-सम्पन्न भयो ।

**२. सभा सम्बन्धी सूचना र प्रकाशनः**

कम्पनीको १३औं वार्षिक साधारण सभा गर्नका लागि प्रथम पटक मिति २०८१।०९।०३ मा र दोस्रो पटक मिति २०८१।०९।११ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी सभा सम्बन्धी जानकारी सम्पूर्ण शेयरधनीहरुलाई गराइएको थियो । साधारण सभा सम्बन्धी सूचना, वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको वार्षिक प्रतिवेदन कम्पनीको सूचना पाटी तथा कम्पनीको वेबसाइट **kuthelihydropower.com.np** मा पनि राखिएको थियो ।

**३. उपस्थितिः**

**(क) सञ्चालकहरुः**

| | | | |
|---|---|---|---|
| १. | श्री सन्तोष प्रसाद मैनाली | - | अध्यक्ष |
| २. | श्री रत्न बहादुर नेवार | | सञ्चालक |
| ३. | श्री नविन माकाजु | | सञ्चालक |
| ४. | श्री सरोज काजी श्रेष्ठ | | सञ्चालक |
| ५. | श्री सुमित्रा खरेल | | सञ्चालक |
| ६ | श्री लक्ष्मण बहादुर श्रेष्ठ | | सञ्चालक |
| ७ | श्री लोकेश पुन | | सञ्चालक |

**(ख) अन्य पदाधिकारीहरुः**

| | | | |
|---|---|---|---|
| १. | श्री हरि दत्त जोशी | - | कम्पनी सचिव |
| २. | श्री प्रकाश थापा | - | प्राविधिक सल्लाहकार |
| ३. | एफ.सिए. एक राज सिग्देल | - | लेखापरीक्षक |
| ४. | श्री चक्र बहादुर थापा | - | निर्वाचन अधिकृत |

कुथेली बुखरी स्मल हाइड्रो पावर लि. २०६८ थापागाउँ-१०, काठमाडौं

(ग) विभिन्न निकायका प्रतिनिधिहरु:

| | | | |
|---|---|---|---|
| १. | श्री मनिप अधिकारी | - | एनएमवी क्यापिटल लिमिटेड |
| २. | श्री निशान लाल जोशी | - | एनएमवी क्यापिटल लिमिटेड |

**४. सभाको गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| विवरण | कूल संख्या | उपस्थिति संख्या | उपस्थिति प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | | | |
| कम्पनीको शेयर संख्या | १२१८६७५ | ६४९१९१ | ५३.२७ |

**५. सभाको वैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको स्वीकृत नियमावली बमोजिम साधारण सभा सञ्चालन गर्नको लागि गणपूरक संख्या पुगेको हुँदा सभा रीतपूर्वक बोलाइएको घोषणा गरियो । अध्यक्षज्यूको अनुमतिले सभाको प्रारम्भ गरियो । सभामा निर्णायार्थ प्रस्तुत गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आ.व. २०८०।८१ को लेखापरिक्षण प्रतिवेदन र वार्षिक आर्थिक विवरण उपस्थित सम्पूर्ण शेयरधनीहरु समक्ष वितरण गरिएको थियो । १३औं वार्षिक साधारण सभाका सभाध्यक्ष श्री सन्तोष प्रसाद मैनालीज्यू र यस कम्पनीका निवर्तमान अध्यक्ष श्री सन्तोष प्रसाद मैनालीज्यूले मंगल धुनका साथ सभाको समुद्घाटन पानसमा बत्ति बालेर गर्नु भएको थियो । राष्ट्रियता र राष्ट्रको सम्मानको लागि राष्ट्रिय गान बजाइएको थियो । १३औं वार्षिक साधारण सभामा निर्णायार्थ प्रस्तुत देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णय भयो ।

**६. सभामा प्रस्तुत छलफलका विषयहरु :**

(क) साधारण प्रस्तावहरु:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ गतेसम्मको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

कुलेखानी खुदी स्मल हाइड्रो पावर लि. २०६८

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. १२१,८६७,५००/- को ०.५२६३ प्रतिशत (निकटतम चार अंक) का दरले हुन आउने रु. ६४१,४०७/८९ ( बोनस शेयरको कर प्रयोजनकालागि मात्र) नगद लाभांश पारित गर्ने ।

५. संस्थापक समूहका पाँच (५) जना सञ्चालकहरुको निर्वाचन सम्बन्धमा ।

६. सञ्चालक समितिबाट नियुक्त स्वतन्त्र संचालकलाई अनुमोदन गर्ने सम्वन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिबाट सिफारिश भए बमोजिम आ.व.२०८०/८१ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु. १२,१८,६७,५००/- को १० प्रतिशत का दरले हुन आउने १,२१,८६,७५०/- (अक्षरुपी एक करोड एकाईस लाख छयासी हजार सात सय पचास मात्र) बराबरको वोनश शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

२. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने बारे र सोही बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ६(ग) मा संशोधन गर्ने साथै नियमावलीका दफा २७(२) र २९(घ) मा संशोधन गर्ने सम्बन्धमा ।

३. कम्पनीको थप परियोजनाको लागि बैंक वित्तिय संस्थाबाट थप ऋणको रकम लिने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

४. कम्पनीको नियमावलीको नियम ३२ मा संचालकको पारिश्रमीक भत्ता र सुविधा सम्बन्धि व्यवस्थालाई संसोधन वा थपघट गर्ने सम्बन्धमा ।

५. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल, परिमार्जन वा संशोधन गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल, परिमार्जन वा संशोधन गर्न सञ्चालक समितिलाई अधिकार दिने ।

**(ग) विविध ।**

१. यस कम्पनीको बार्षिक साधारण सभा सम्बन्धी सम्पुर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणीत गर्न तथा आधिकारीक हस्ताक्षर गर्न अख्तियारी दिने सम्बन्धमा ।

२. कार्यकारी अधिकृत नियुक्ती गर्ने तथा सेवासर्त तोक्ने सम्बन्धमा ।

## ७. सभामा प्रस्तुत जिज्ञासा एवं सुझावहरु :

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन र वार्षिक वित्तीय विवरणको प्रस्तुती पश्चात उक्त प्रतिवेदनका सम्बन्धमा आफ्ना जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गर्न शेयरधनी महानुभावहरुलाई कम्पनी सचिवद्वारा अनुरोध गरियो । निम्न शेयरधनीहरु आ- आफ्नो जिज्ञासा, सुझावहरु तथा साधारण सभाको सफलता र प्रगतिका लागि शुभकामना व्यक्त गर्नु भएको थियो ।

कुशेली खुबरी स्मल हाइड्रो पावर लि.
२०६८
धापासी-१०, काठमाडौं

क. शेयरधनी श्री निरुपमा गुप्ताः

कम्पनीले आ.व. २०८०/८१ मा व्यवस्थापन तथा वित्तीय खर्च गत वर्षभन्दा कम गरी नाफा आर्जन गर्न सकेकोमा खुसी व्यक्त गर्दै आगामी वर्ष कम्पनीलाई प्रगति पथतर्फ लैजान के कस्ता रणनीति तथा Investment Policy रहेको छ भनी सभा समक्ष प्रश्न गर्नु भयो । त्येसै गरी वार्षिक साधारण सभा आर्थिक वर्षको शुरुवाती चरणमा गर्नको लागि सुझाव समेत दिनुभयो ।

सभाध्यक्ष श्री सन्तोष प्रसाद मैनालीज्यूले उल्लेखित शेयरधनीहरुले सभामा प्रस्तुत गर्नु भएका प्रश्न र जिज्ञासाहरुको सामुहिक जवाफ दिनु भयो । शेयरधनी महानुभावहरुले दिएका सकारात्मक सुझाव तथा प्रतिक्रियाहरुको लागि आभार व्यक्त गर्दै आगामी दिनमा लागु गर्दै लैजाने प्रतिबद्धता पनि व्यक्त गर्नु भयो ।

**ख. शेयरधनी श्री वैजुनाथ रौनियार :** कम्पनीको वार्षिक साधारण सभा शुभकामना दिदै आउदा दिनमा कम्पनीको साधारण सभा आर्थिक वर्षको शुरुवाती चरणमा गर्नका लागि र लाभासं डवल डिजिटमा प्रदान गर्न सुझाव व्यक्त गर्नुभयो ।

**ग. शेयरधनी श्री इन्दु प्रसाद लामिछाने :** कम्पनीलाई शुभकामना दिदै आउदा दिनमा कम्पनीको साधारण सभा पौष मसान्त वा नजिक पर्ने गरी नगर्नका लागि सुझाव व्यक्त गर्नुभयो । त्यसै गरी सिआरएसको रकम केमा खर्च भएको छ भनी प्रश्न समेत गर्नुभयो ।

८. पारित निर्णयहरु :

(क) साधारण प्रस्तावहरुः

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन सभामा पारित गरियोस् भनि पेश गर्दा सर्वसम्मतिले पारित भयो ।

२. आ.व. आ.व. २०८०/८१ को लेखापरिक्षकको वार्षिक प्रतिवेदन र सोहि आ.व. को वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रभाव विवरण, इक्वीटीमा भएको परिवर्तन र सोको संलग्न अनुसूची सहितको वार्षिक आर्थिक प्रतिवेदन पारित गरियो भनि सभामा पेश हुँदा सर्वसम्मतीबाट पारित भयो ।

३. कम्पनीको आ.व. २०८१/८२ को लेखापरीक्षण गर्नको लागि सुनील भण्डारी एण्ड एसोसिएट्स, चाटर्ड एकाउन्टेन्ट्सका एफ.सि.ए. सुनील भण्डारी लाई नियुक्ती गर्ने र निजको पारिश्रमिक कर बाहेक रु. १,००,०००/- (अक्षरुपी एक लाख मात्र) निर्धारण गर्ने निर्णय पारित गरियो ।

४. कम्पनीको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. १२१,८६७,५००/- को ०.५२६३ प्रतिशत (निकटतम चार अंक) का दरले हुन आउने रु. ६४१,४०७/८९ (बोनस शेयरको कर प्रयोजनकालागि मात्र) नगद लाभांश पारित गरियोस् भनि पेश गर्दा सर्वसम्मतिले पारित भयो ।

कुश्ली खुबरी स्मल हाइड्रो पावर लि.
२०६८
थापागाउँ-१०, काठमाडौं

५. कम्पनीको ऐन तथा यस कम्पनीको नियमावली बमोजिम ४ वर्ष कार्यकालको लागि कम्पनीका संस्थापक शेयरधनीहरुको तर्फबाट १ जना महिला सहित ५ जना संचालकको निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन अधिकृत अधिवक्ता चक बहादुर थापाज्यूलाई नियुक्त गरेकोमा निजले निर्वाचन कार्य तालिका अनुसारको निर्वाचन सम्वन्धी कानुन बमोजिम निम्नलिखित शेयरधनीहरु निर्विरोध रुपमा चयन भएको घोषणा गर्नुभयो । निर्वाचन अधिकृतले घोषणा गरेको संचालकलाई उक्त वार्षिक साधारण सभाबाट समेत अनुमोदन गरियो ।

१. श्री सुजन कुमार श्रेष्ठ, संचालक, संस्थापक समुह

२. श्री नारायण बहादुर कार्की, संचालक, संस्थापक समुह

३. श्री सरोजकाजी श्रेष्ठ, संचालक, संस्थापक समुह

४. श्री नवीन माकाजु, संचालक, संस्थापक समुह

५. श्री सुमित्रा खरेल, महिला संचालक, संस्थापक समुह

६. कम्पनीको ऐन तथा कम्पनीको स्विकृत नियमावलीमा भएको व्यवस्था वमोजिम स्वतन्त्र सञ्चालक पदमा प्राप्त ३ प्रस्ताव मध्ये स्नाकोत्तर भई इन्जिनियरिङ्ग क्षेत्रको ज्ञान र अनुभव भएको तथा कम्पनी ऐन २०६३ को दफा ८९ अनुसार योग्यता पुगेका श्री लोकेश पुनज्यूलाई सञ्चालक समितिबाट अनुमोदनका लागि प्रस्ताव पेश भएकोमा सर्वसम्मत रुपमा पारित गरियो ।

**तपशिल**

१. श्री लोकेश पुन, विज्ञ तथा स्वतन्त्र संचालक

**(ख) विशेष प्रस्तावहरु:**

१. सञ्चालक समितिबाट सिफारिश भए बमोजिम आ.व.२०८०/८१ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु. १२,१८,६७,५००/- को १० प्रतिशत का दरले हुन आउने १,२१,८६,७५०/- ( अक्षरुपी एक करोड एकाईस लाख छयासी हजार सात सय पचास मात्र) बराबरको वोनश शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने प्रस्ताव पेश भएकोमा सर्वसम्मत रुपमा पारित गरियो ।

२. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने बारे र सोही बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ६(क), (ख) र (ग) मा संशोधन गर्ने र नियमावलीका नियम २९(घ) मा संशोधन गर्ने प्रस्ताव पेश भएकोमा सर्वसम्मत रुपमा पारित गरियो ।।

(अ) कम्पनीको बोनस शेयर जारी गरे पश्चात् जारी र चुक्ता पूँजीमा वृद्धि हुने र भविश्यमा समेत कम्पनीलाई थप पुंजी आवश्यक पर्ने भएकाले वार्षिक साधारण सभाको निर्णय बमोजिम कम्पनीको प्रबन्ध पत्रको दफा ६ को क,ख र ग मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

कुर्सेली खुवरी स्मल हाइड्रो पावर लि. २०६८ थापाथली-१० काठमाडौं

## तपसिल

**प्रवन्धपत्रको दफा ६ पूँजीको संरचना:- कम्पनीको पुँजीको संरचना देहाय बमोजिम हुनेछ ।**

(क) कम्पनीको अधिकृत पूँजी रु.२५,००,००,०००/- (अक्षरेपी पच्चीस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका २५,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको जारी पूँजी रु.१३,४०,५४,२५०/- (अक्षरेपी तेह्र करोड चालिस लाख चौवन्न हजार दुई सय पचास मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १३,४०,५४२/५० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) कम्पनीको चुक्ता पूँजी रु.१३,४०,५४,२५०/- (अक्षरेपी तेह्र करोड चालिस लाख चौवन्न हजार दुई सय पचास मात्र) हुनेछ । चुक्ता पूँजीमध्ये ८० प्रतिशत संस्थापक शेयरधनी र बाँकी २० प्रतिशत सर्वसाधारण शेयरधनीको हुनेछ ।

(आ) यस कम्पनीको अन्य सञ्चालकको कार्यकालसँग एकरुपता गर्नुपर्ने भएका कारणबाट नियमावलीको नियम २९ को (घ) बुँदामा देहाय बमोजिम संशोधन गर्ने निर्णय पारित गरियो ।

## तपसिल

**नियम २९ शेयरधनी वाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने :-**

(घ) स्वतन्त्र सञ्चालकको कार्यकाल ४ वर्षको हुनेछ ।

३. कम्पनीको थप परियोजनाको लागि बैंक वित्तिय संस्थाबाट थप ऋणको रकम लिने प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा छलफल गर्दा उक्त कार्यका लागि आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय पारित गरियो ।

४. कम्पनीको नियमावलीको नियम ३२ मा संचालकको पारिश्रमीक भत्ता र सुविधा सम्बन्धि व्यवस्थालाई संसोधन वा थपघट गर्ने सम्बन्धमा छलफल गर्दा उक्त प्रस्तावका सम्बन्धमा निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय पारित गरियो ।

५. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्वीकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल, परिमार्जन वा संशोधन गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल, परिमार्जन वा संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय पारित गरियो ।

कुथेली बुखरी स्मल हाइड्रो पावर लि. २०६८ थापागाउँ-१०, काठमाडौं

(ग) **विविध**

१. विविध सम्बन्धमा प्रस्तुत साधारण सभाले यस कम्पनीको बार्षिक साधारण सभा सम्बन्धी सम्पुर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणीत गर्न तथा आधिकारीक हस्ताक्षर गर्न अख्तियारी दिने सम्बन्धमा छलफल गर्दा संचालक श्री सुजन कुमार श्रेष्ठ र कम्पनी सचिव श्री हरि दत्त जोशी ज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२. विविध सम्बन्धमा यस कम्पनीको कार्यकारी अधिकृत पदका लागि यस कम्पनीका अध्यक्ष श्री सरोज काजी श्रेष्ठ ज्युलाई नियुक्त गर्ने तथा कार्यकारी अध्यक्षको तलब, सेवा सुविधा निर्धारणका लागि संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

९. अन्त्यमा यस वार्षिक साधारण सभाबाट निर्णय गर्न अन्य विषय नभएको हुँदा अध्यक्षज्यूले कम्पनीको प्रस्तुत वार्षिक साधारण सभा विसर्जन भएको जानकारी सभालाई गराउनु भयो ।

संञ्चालक

सुजन कुमार श्रेष्ठ

कुसेली खुवरी स्मल हाइड्रो पावर लि.
२०६८
थापापाई-१०, काठमाडौं

लि. न १३१८१०

# कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड

को

## संशोधित प्रवन्धपत्र

***प्रवन्धपत्रको संशोधित दफा***

**दफा ६ पूँजीको संरचना:- कम्पनीको पुँजीको संरचना देहाय बमोजिम हुनेछ।**

(क) कम्पनीको अधिकृत पूँजी रु.२५,००,००,०००/- (अक्षरुपी पच्चीस करोड मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका २५,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ख) कम्पनीको जारी पूँजी रु.१३,४०,५४,२५०/- (अक्षरुपी तेह्र करोड चालिस लाख चौउन्न हजार दुई सय पचास मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १३,४०,५४२/५० थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) कम्पनीको चुक्ता पूँजी रु.१३,४०,५४,२५०/- (अक्षरुपी तेह्र करोड चालिस लाख चौउन्न हजार दुई सय पचास मात्र) हुनेछ। चुक्ता पूँजीमध्ये ८० प्रतिशत संस्थापक शेयरधनी र बाँकी २० प्रतिशत सर्वसाधारण शेयरधनीको हुनेछ।

कुथेली बुखरी स्मल हाइड्रो पावर लि.
२०६८
थापागाउँ-१०, काठमाडौं

लि. न १३१८१०

# कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड
को
## संशोधित नियमावली

*नियमावलीको संशोधित नियम*

नियम २९ शेयरधनी वाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने :-

(घ) स्वतन्त्र सञ्चालकको कार्यकाल ४ वर्षको हुनेछ ।

कुथेली बुखरी स्मल हाइड्रो पावर लि. २०६८ थापागाउँ-१०, काठमाडौं

# कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड

को

प्रपन्धपत्रमा गरिएको संशोधनको

तीन महले

| सविकको दफा | संशोधित दफा | संशोधन गर्नुपर्ने कारणहरु |
|---|---|---|
| *प्रवन्धपत्रतर्फ*<br><br>**दफा ६ पूँजीको संरचना:- कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-**<br><br>(क) कम्पनीको अधिकृत पूँजी रु. १२,१८,६७,५००/- ( अक्षरेपी बाह्र करोड अठार लाख सत्सठी हजार पाँच सय मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १२,१८,६७५ थान साधारण शेयरमा विभाजन गरिएको छ । (ख) कम्पनीको जारी पूँजी रु. १२,१८,६७,५००/- ( अक्षरेपी बाह्र करोड अठार लाख सत्सठी हजार पाँच सय मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १२,१८,६७५ थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) कम्पनीको चुक्ता पूँजी रु. १२,१८,६७,५००/- (अक्षरेपी बाह्र करोड अठार लाख सत्सठी हजार पाँच सय मात्र) हुनेछ । चुक्ता पूँजीमध्ये ८० प्रतिशत अर्थात ९,७४,९४,००० (अक्षेरुपी नौ करोड चौहत्तर लाख चौरानब्बे हजार रुपैया) संस्थापकलाई र बाँकी २० प्रतिशत अर्थात २,४३,७३,५०० (अक्षेरुपी दुई करोड त्रिचालिस लाख त्रिपन्न हजार पाँच सय रुपैया) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणलाई शेयर बिक्री गरी पूँजी संकलन गरिनेछ । | *प्रवन्धपत्रतर्फ*<br><br>**दफा ६ पूँजीको संरचना:- कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ ।**<br><br>(क) कम्पनीको अधिकृत पूँजी रु.२५,००,००,०००/- (अक्षरुपी पच्चीस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका २५,००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ख) कम्पनीको जारी पूँजी रु.१३,४०,५४,२५०/- (अक्षरुपी तेह्र करोड चालिस लाख चौउन्न हजार दुई सय पचास मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरका १३,४०,५४२/५० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) कम्पनीको चुक्ता पूँजी रु.१३,४०,५४,२५०/- (अक्षरुपी तेह्र करोड चालिस लाख चौउन्न हजार दुई सय पचास मात्र) हुनेछ । चुक्ता पूँजीमध्ये ८० प्रतिशत संस्थापक शेयरधनी र बाँकी २० प्रतिशत सर्वसाधारण शेयरधनीको हुनेछ । | कम्पनीको बोनस शेयर जारी गरे पश्चात् जारी र चुक्ता पूँजीमा वृद्धि हुने र भविश्यमा समेत कम्पनीलाई थप पूँजी आवश्यक पर्ने भएको कारणबाट । |

# कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड

को

नियमावलीमा गरिएको संशोधनको

तीन महले

| साविकको नियम | संशोधित नियम | संशोधन गर्नुपर्ने कारणहरु |
|---|---|---|
| *नियमावलीतर्फ*<br><br>**नियम २९ शेयरधनी वाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने :-**<br><br>(घ) स्वतन्त्र सञ्चालकको कार्यकाल २ वर्षको हुनेछ । | *नियमावलीतर्फ*<br><br>**नियम २९ शेयरधनी वाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउने :-**<br><br>(घ) स्वतन्त्र सञ्चालकको कार्यकाल ४ वर्षको हुनेछ । | कम्पनीको स्वतन्त्र सञ्चालकको नियुक्ति पटक पटक गर्दा झन्झटिलो हुने र स्वतन्त्र सञ्चालकको कार्यविधि पुरा गर्न समेत कठिनाई उत्पन्न हुने भएका कारणबाट । |

कुथेली बुखरी स्मल हाइड्रो पावर लि. ★ २०६८ ★ धापासाउँ-१०, काठमाडौं